Nagarik

# स्थानीयलाई भोटेकोसीको १२ लाख कित्ता सेयर

भोटेकोसी पावर कम्पनी लिमिटेडले आयोजना प्रभावित स्थानीय बासिन्दालाई आफ्नो दुई करोड कित्तामध्ये १२ लाख कित्ता (६ प्रतिशत) सेयर दिने निर्णय गरेको छ। लामो समयदेखि स्थानीय र विभिन्न राजनीतिक दलको पहलमा उक्त परिमाणको सेयर दिने निर्णय भएको हो । राजनीतिक दल र केही स्थानीयले लामो समयदेखि प्रभावित क्षेत्रका बासिन्दालाई सेयर दिनुपर्ने माग राख्दै आएका थिए। आयोजनाबाट बिजुली उत्पादन भएको १४ वर्ष भएको र उसले बैंक ब्याज एवं ऋण तिरिसकेकाले स्थानीयका नाममा सेयर जारी गर्न स्थानीय राजनीतिक दलले निरन्तर दबाब दिँदै आएका थिए । कम्पनीले बिहीबार राजधानीमा पत्रकार सम्मेलन गरी ६ प्रतिशत सेयर स्थानीयलाई दिएको घोषणा ग¥यो ।

भोटेकोसी जलविद्युत सरोकार संघर्ष समिति र भोटेकोसी सरोकार समितिले राखेका मागको सम्बोधन गर्दै सेयर दिने सहमति भएको कम्पनीका प्रमुख कार्यकारी अधिकृत नरेन्द्र प्रजापतिले बताए । 'सहमति बमोजिम कम्पनीले ६ प्रतिशत साधारण शेयर (प्रति सेयर एक सय रुपैयाँ) का दरमा स्थानीय पाँच राजनीतिक दलको सहमतिमा प्रचलित कानुनबमोजिम प्रत्यक्ष प्रभावित र स्थानीय जनता सम्मिलित कम्पनीलाई दिनेछ,' उनले भने । अहिले कम्पनीको प्रतिकित्ता सेयर करिब १ हजार २ सय रुपैयाँ रहेको बताइएको छ ।

कम्पनीका अनुसार आयोजनाको जडित क्षमता ४५ मेगावाटको हिसाबबाट प्रतिमेगावाट एक लाख रुपैयाँका दरले प्रत्यक्ष प्रभावित तातोपानी र फुल्पिङकट्टी गाविसले जनही २२ लाख ५० हजार रुपैयाँ पाउनेछन् । यस्तै मार्मिङ, गाती, मानेस्वाँरा, राम्चे, धुस्कुन, टेकानपुर र पांग्रेटार गाविसलाई एकमुष्ठ २२ लाख ५० हजार रुपैयाँ दिने निर्णय भएको पनि कार्यक्रममा बताइयो ।

कम्पनीले सेयर दिने घोषणा गरेपछि गत साउनमा सिन्धुपाल्चोकको जुरेमा गएको पहिरोका कारण क्षति भएको भोटेकोसीको टावर निर्माणमा स्थानीय राजनीतिक दलले सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । 'आयोजना सुचारु गर्ने विषयमा पनि स्थानीय बासिन्दा, राजनीतिक दलसँग सहमति भएको छ,' प्रजापतिले भने ।

टावर पुनर्निर्माणको काम बिहीबारदेखि नै सुरु भएको कम्पनीले जानकारी दिएको छ । पहिरोका कारण यो आयोजनासँगै अन्य साना आयोजनाबाट उत्पादन हुने झन्डै ६७ मेगावाट बिजुली आपूर्ति कम भएको छ । समयमै टावर निर्माण गरी अवरुद्ध बिजुली आपूर्ति गर्न राजनीतिक दललाई कम्पनीका अधिकारी पुनः आग्रह गरेका थिए ।

लामो बहस र छलफलपछि स्थानीयका नाममा सेयर दिने निर्णय भएकाले यसले भविष्यमा बन्ने जलविद्युत आयोजना निर्माणमा वातावरण सहज बनाउने सभासद मोहनबहादुर बस्नेतले बताए । उनले भने, 'बनिसकेको आयोजनाबाट सेयर दिँदा गलत परम्परा बस्ने आशंका हुँदैन । स्थानीय, राजनीतिक दल र कम्पनीबीच सहमति भए जस्तोसुकै समस्यामा पनि आयोजना निर्माणले गति लिनेछ ।'

खिम्ती र भोटेकोसी निजी क्षेत्रले बनाएका सुरुका आयोजना हुन् । भोटेकोसी कम्पनीले स्थानीयका नाममा सेयर जारी गर्ने निर्णय गरेपछि खिम्तीको प्रवद्र्धक हिमाल पावर लिमिटेडलाई पनि नैतिक दबाब परेको छ । यी दुई आयोजनाको क्रमशः २५ र २५ वर्षका लागि विद्युत खरिद सम्झौता (पिपिए) गरिएको थियो ।

दुई आयोजनाको पिपिए अमेरिकी डलरमा गरिएको छ । डलरमा महसुल भुक्तानी गर्दा नेपाल विद्युत प्राधिकरणको आर्थिक अवस्थामा नकारात्मक असर परेको छ । यो आयोजनाको २५ वर्षपछि पिपिए स्वतः पुनरावलोकन हुने वा ५० प्रतिशत स्वामित्व प्राधिकरणमा आउनेछ ।

Samacharpatra

## भोटेकोसी विवाद सल्टियो

शिव दुवाडी
काठमाडौं

भोटेकोसी जलविद्युत् परियोजनामा उत्पन्न विवाद सल्टिएको छ। भोटेकोसी पावर कम्पनीको माथिल्लो भोटेकोसी जलविद्युत् परियोजनामा भोटेकोसी जलविद्युत् सरोकार संघर्ष समिति र भोटेकोसी सरोकार समितिले राखेका मागमा व्यवस्थापन पक्ष लचिलो भएपछि विवाद सल्टिएको हो।

विवाद सल्टिएसँगै ४५ मेगावाट क्षमताको उक्त परियोजनाको क्षतिग्रस्त टावर निर्माण कार्य शुरू भएको छ। उक्त कार्य करिब दुई हप्तामा सकिने र त्यसपश्चात नियमित रूपमा विद्युत् उत्पादन कार्य शुरू हुने प्रवद्र्धकहरूले बताएका छन्।

भोटेकोसी प्रवद्र्धक र दुवै समितिबीच एवम् भोटेकोसी र स्थानीय राजनीतिक दलहरूका प्रतिनिधिबीच विभिन्न चरणमा भएको वार्तापश्चात सौहाद्रपूर्ण रूपमा सहमति कायम भएको हो। सहमति बमोजिम भोटेकोसीले ६ प्रतिशत साधारण शेयर प्रतिशेयर सयको दरमा स्थानीय पाँच राजनीतिक दलको सहमतिमा प्रचलित नेपाल कानुन बमोजिम प्रत्यक्ष प्रभावित र स्थानीय जनतालाई समेटी खडा भएको कम्पनीलाई दिनेछ।

त्यस्तै परियोजनाको जडित क्षमता ४५ मेगावाटको हिसाबबाट प्रतिमेगावाट १ लाखको दरले प्रत्यक्ष प्रभावित २ वटा गाविस तातोपानी र फुल्पिङकट्टीलाई प्रति गाविस २२ लाख ५० हजार र अन्य प्रभावित ७ वटा गाविसहरू (मार्मिङ, गाति, मानेश्वारा, राम्चे, धुस्कुन, टेकानपुर र पांग्रेटार) लाई एकमुष्ठ २२ लाख ५० हजार वार्षिक रूपमा भाटेकोसीले सहयोग गर्ने सहमति समेत सम्पन्न भएको छ।

सहमति बमोजिम भोटेकोसीको हालको क्षति भएको टावरको पुनर्निमाण कम्पनीले सुचारु गर्न सबै राजनैतिक दल र स्थानीय सरोकारवालाहरूले सहयोग गर्ने तथा कम्पनीको परियोजनालाई सौहाद्रपूर्ण रूपमा सञ्चालन गर्ने सहमति समेत सम्पन्न भएको छ।

सहमतिपश्चात भोटेकोसीबाट सञ्चालित माथिल्लो भोटेकोशी जलविद्युत् परियोजनाको प्रसारणलाइनका टावरहरूको पुनर्निमाणको कार्य सुचारु भइसकेको छ। टावर पुनर्निमाणको कार्य समाप्तिसँगै परियोजनाबाट विद्युत् उत्पादन शुरू भएपश्चात यसले देशमा विद्यमान विद्युत् कटौती समस्यामा केही हदसम्म भए पनि कमी गर्ने प्रवद्र्धकमध्येका एक शम्भुप्रसाद दाहालले बताउनुभयो।

यो सहमतिबाट परियोजनामा स्थानीय बासिन्दाहरूको पनि सहभागिता कायम भई समावेशीताको सकारात्मक सन्देश जाने विश्वास कम्पनीले लिएको छ। साथै यो सहमति देशमा लगानीमैत्री वातावरणको सिर्जना गर्न उपलब्धिमुलक हुने समेत आशा लिएको उल्लेख गरिएको छ।

गत साउन १७ गते गएको पहिरोबाट सिन्धुपाल्चोक जिल्लामा सञ्चालित उपल्लो भोटेकोशी जलविद्युत्

परियोजनाका ४ वटा टावर क्षतिग्रस्त भएपछि हालसम्म पनि पुनःनिर्माण कार्य शुरू हुन नसक्दा मुलुकले करोडौंको आर्थिक घाटा तथा करिब १.५ घण्टा लोडसेडिङको थप मार खेपिरहनु परेको छ।

Kantipur

## भोटेकोसीको अवरोध खुल्यो

सिन्धुपाल्चोक, पुस १० -
भोटेकोसी जलविद्युत् आयोजनाले सिन्धुपाल्चोकको जुरेमा गएको भीषण पहिरोमा परी ध्वस्त प्रसारण लाइनका सातवटा टावरको पुनर्निर्माण कार्य बिहीबार सुरु गरेको छ । जिल्लाका पाँच दल तथा स्थानीय संघर्ष समितिका प्रतिनिधि र भोटेकोसी पावर कम्पनीका अधिकारीबीच भएको वार्तामा बुधबार राति जिल्लावासीलाई आयोजनामा ६ प्रतिशत सेयर दिने लगायतका सहमति भएपछि बिहीबारदेखि टावर निर्माण कार्य सुचारु भएको हो ।

सहमति भएकै भोलिपल्ट बिहीबार बिहान कम्पनीका अध्यक्ष सिद्धार्थशमशेर राणाले सिन्धुपाल्चोकको टेकानपुरमा आएर टावर निर्माण कार्य सुरु गराएका थिए । कम्पनीका प्रमुख कार्यकारी अधिकृत नरेन्द्र प्रजापतीका अनुसार टावर पुनर्निर्माण कार्य २० देखि २५ दिनभित्रै सम्पन्न हुनेछ । ढिलोमा २५ दिनमै ४५ मेगावाटको भोटेकोसी आयोजनाबाट उत्पादित बिजुली प्रसारण लाइनमार्फत वितरण हुन थाल्नेछ । भोटेकोसीको बिजुली जोडिएपछि मुलुकको लोडसेडिङ करिब एक घन्टा घटाउन मद्दत पुग्नेछ ।

टावर नभएर बिजुली वितरण गर्न नपाएका कारण भोटेकोसी आयोजनाले विद्युत् उत्पादन गरेको छैन । स्थानीय संघर्ष समिति र पाँच दलको अवरोधका कारण ९७ दिनसम्म टावर पुनर्निर्माण हुन नसकेको हो । बिजुली उत्पादन हुँदा आयोजनालाई दैनिक करिब ८६ लाखका दरले १ अर्ब ५० करोड रुपैयाँ घाटा लागेको जानकारी कम्पनीका अधिकारीले दिए ।

सातवटा टावर असोज ३ मा पुनर्निर्माण सुरु गर्नेबित्तिकै पाँच दल र स्थानीय संघर्ष समितिले जिल्लावासीलाई सेयर नदिएसम्म बनाउन नदिने अवरोध खडा गरेका थिए । कांग्रेसले जिल्लावासीलाई १० र अरू चार दलले ३५ प्रतिशत सेयर दिनुपर्ने माग कम्पनीसमक्ष राखेका थिए । ९७ दिनसम्म भएको वार्ताबाट भोटेकोसी कम्पनी र पाँच दलबीच ६ प्रतिशत सेयर दिनेम्ाा सहमति भएको हो ।

भोटेकोसी पावर कम्पनीका अधिकारी र कांग्रेस, एमाले, एमाओवादी, राप्रपा र नेकपा-माओवादीका सिन्धुपाल्चोकका नेताले राजधानीमा बिहीबार अपराह्न संयुक्त पत्रकार सम्मेलन गरी सहमति भएको घोषणा गरेका हुन् ।

सहमतिबमोजिम भोटेकोसी पावर कम्पनी प्रा.लि.ले ६ प्रतिशत साधारण शेयर १ सय रुपैयाँको दरमा सिन्धुपाल्चोक जिल्लावासीलाई दिनेछ । कानुनबमोजिम भोटेकोसीले आयोजनाबाट प्रत्यक्ष प्रभावित र जिल्लावासीलाई समेटी खडा भएको कम्पनीमार्फत सिन्धुपाल्चोकका जनतालाई सेयर दिनेछ । सेयर लिएपछि सिन्धुपाल्चोकवासी कम्पनीको लाभांशको हकदार हुनेछन् ।

सिन्धुपाल्चोकवासीले करिब १२ लाख कित्ता सेयर (करिब १२ करोड रुपैयाँ बराबरको) सेयर पाउनेछन् । भोटेकोसी पावर कम्पनी प्रा.लि.को चुक्ता पुँजी १ अर्ब ९४ करोडको ६ प्रतिशतले हिसाब गरी करिब १२ करोड रुपैयाँ बराबरको सेयर जिल्लावासीलाई दिइनेछ ।

प्रजापतीका अनुसार जिल्लावासीले सेयर लिन खडा गरेको कम्पनी नेपाल स्टक एक्सचेन्जमा सूचीकृत हुन सक्नेछ । जिल्लावासीले १ सय रुपैयाँमा किनेको सेयरको बजार मूल्य ८ सयदेखि १२ सय रुपैयाँसम्म पुग्ने विश्वास कम्पनीको छ । कम्पनीले जिल्लाका प्रत्यक्ष प्रभावित र प्रभावित गाविसहरूको विकास निर्माणका लागि बर्सेनि एकमुष्ठ रकम सहयोग गर्ने सहमतिसमेत भएको छ । कम्पनीले आयोजनाको जडित क्षमता ४५ मेगावाटको हिसाबले प्रतिमेगावाट १ लाखका दरले प्रत्यक्ष प्रभावित दुई गाविस तातोपानी र फुल्पिङकट्टीको विकासनिर्माणका लागि बर्सेनि साढे २२ लाख रुपैयाँका दरले सहयोग गर्नेछ । प्रसारण टावर परेका अरू प्रभावित सात गाविस मार्मिङ, गाती, मानेस्वारा, राम्चे, धुस्कुन, टेकानपुर र पांग्रेटारको विकासनिर्माणका लागि बर्सेनि एकमुष्ठ साढे २२ लाख रुपैयाँ सहयोग गर्नेछ । उक्त रकम ती गाविसले बराबर भाग लगाएर लिनेछन् ।

पाँच दलले भोटेकोसी आयोजनामा जिल्लावासीलाई सेयर दिन बाध्य पारेपछि त्यसबाट गलत नजिर बस्नुका साथै मुलुकको जलविद्युत् क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीकर्ता निरुत्साहित हुने खतरा बढेको ऊर्जाका प्रवर्द्धकहरू बताउँछन् । ती प्रवर्द्धकका अनुसार स्थानीयवासीलाई सेयर दिनुनपर्ने सम्झौता गरी लगानी गर्न आएका भोटेकोसीका प्रवर्द्धकहरूलाई राजनीतिक दलले बल प्रयोग गरी जिल्लावासीलाई सेयर दिन बाध्य पारिएपछि गलत नजिर बसेको हो । उक्त नजिरका कारण निकट भविष्यमा नै ६० मेगावाटको खिम्तीसहितका विदेशी तथा स्वदेशी र सरकारी लगानी भएका जलविद्युत् आयोजनाहरूमा समेत प्रभावित र स्थानीयवासीका नाममा सेयर माग्ने र लगानीकर्ताहरू दिन बाध्य हुने परिस्थिति निर्माण हुने खतरा बढाएको छ ।

पत्रकार सम्मेलनमा बोल्ने सिन्धुपाल्चोकका पाँच दलका नेता एमालेका अमृतकुमार बोहरा, कांग्रेसका मोहन बस्नेत, राप्रपाका सभासद रमेश लामा, माओवादीका पूर्वसभासद दावा तमाङ, एमाओवादीका जिल्ला अध्यक्ष माधव सापकोटालगायतले भोटेकोसीबाट जिल्लावासीले सेयर पाएपछि स्थानीयको अधिकार स्थापित भएको दाबी गरे । त्यसबाट आफ्नो जिल्लामा विद्युत् परियोजनाहरूमा लगानी गर्ने वातावरण बनेको तर्क उनीहरूको थियो ।

The Kathmandu Post

## Bhotekoshi row resolved, locals to get 6pc shares

Bhotekoshi Power Company has agreed to allot 6 percent shares to locals, ending a standoff that had prevented repair work at flood-damaged Bhotekoshi Hydropower Project from being conducted effectively immobilizing the plant.

Construction and maintenance of the transmission towers at the 45 MW project, which had been toppled by floods in August, resumed on Thursday morning following the deal between the project developer Bhotekoshi Power Company and representatives of five major political parties of Sindhupalchok district.

Apart from 6 percent of the stock, the company will give Rs 2.25 million each to two project-affected village development committees (VDC), Tatopani and Fulpingkatti. Seven other project-affected VDCs, Marming, Gati, Maneshwara, Ramche, Dhuskun, Tekanpur and Pangretar, will jointly receive Rs 2.25 million. The payments will be given on an annual basis. According to the company, the shares will be distributed at the face value of Rs 100 per share. The deal between the company and the political parties was made public in the presence of prominent leaders and district representatives of the Nepali Congress, CPN-UML, UCPN (Maoist), Rastriya

Prajatantra Party (RPP) and CPN-Maoist. Both the sides stated that the agreement marked a new beginning for the project and that with locals getting a stake in the project, there wouldn't be many issues in the days to come.

"Though 6 percent of the stock is less than what we had demanded, we are happy that the people will now own a part of the project," CPN-UML leader Amrit Kumar Bohora said. "The project was constructed at a time when people were not

aware like they are now. The context has changed now, hence, the

issue over shares should not be hyped negatively."

Similarly, NC leader Mohan Basnet said that the incident hadn't established a negative precedence, rather it had made it possible for a company operating for almost one and a half decades to give ownership to locals. "Since the people will now have a share, there won't be any problems from their side," Basnet said.

Chairman of Bhotekoshi Power Company Siddhartha SJB Rana said that the interest of the investors as well as the locals had been taken in account while making the agreement.

"This might set a right precedence, and since such issues will be taken care of from now on, other projects might not suffer in a similar manner," Rana added.

Project manager Narendra Prajapati said that since there was no legal procedure for a private company to issue shares, an appropriate legal mechanism would be worked out, and that the shares would be given to a company representing the residents of Sindhupalchok.

Once the project starts feeding energy to the national grid, load-shedding in Kathmandu will be slashed by one hour.

Nayapatrika

### *भोटेकोसीको ६ प्रतिशत सेयर स्थानीयलाई*

४५ मेगावाटको माथिल्लो भोटेकोसी जलविद्युत् आयोजनाको ६ प्रतिशत सेयर सिन्धुपाल्चोकवासीले पाउने भएका छन् । ३५ प्रतिशत सेयर माग गर्दै आएका स्थानीय र आयोजना प्रवद्र्धक भोटेकोसी पावर कम्पनीबीच ६ प्रतिशत सेयर हिस्सा दिन सहमति भएको हो ।

कम्पनीको अहिलेको पुँजी संरचनाअनुसार स्थानीयले करिब १२ लाख कित्ता सेयर पाउनेछन् । आयोजना निर्माण सम्पन्न र ऋण पनि चुक्ता भइसकेकाले स्थानीय बासिन्दाले लाभांश पनि तत्काल पाउनेछन् । उनीहरूलाई लगानी जोखिम हुनेछैन ।

कम्पनीका अध्यक्ष सिद्धार्थशमशेर जबराले आयोजनाको सेयर बजारमूल्य ८ सय देखि १२ सय रुपैयाँसम्मको रहेको बताए । 'स्थानीयको सहमति ठूलो उपलब्धि हो, यसले भविष्यमा बन्ने जलविद्युत् आयोजनाका लागि राम्रो वातावरण बनाएको छ,' उनले भने ।

आयोजनाले ०५७ पुसदेखि विद्युत् उत्पादन गर्दै आएको छ । कांग्रेस, एमाले, एकीकृत माओवादी, राप्रपा र माओवादीको सहमतिमा छुट्टै कम्पनीमार्फत स्थानीयले सेयरमा लगानी गर्ने सहमति भएको छ ।

'लगानी गर्ने कम्पनीको सेयर वितरण प्रक्रिया स्थानीय पाँच दलद्वारा संयुक्त रूपमा प्रत्यक्ष प्रभावित र स्थानीयलाई समेटी तय गरिनेछ,' सहमतिमा उल्लेख छ ।

प्रतिकित्ता सेयरमूल्य सय रुपैयाँ कायम गर्ने सहमति भएको छ । कम्पनीले स्थानीयलाई १२ करोड रुपैयाँको सेयर निष्कासन गर्नेछ । स्थानीयसँग सहमति जुटेपछि ९७ दिनअघिदेखि बन्द प्रसारण लाइन निर्माण सुरु भएको छ ।

सहमतिपत्रमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत नरेन्द्र प्रजापति र भोटेकोसी जलविद्युत् सरोकार संघर्ष समिति संयोजक दीपेन्द्रकुमार श्रेष्ठले स्थानीय राजनीतिक दलका प्रतिनिधिको रोहवरमा सम्झौतामा हस्ताक्षर गरेका हुन् ।

सिइओ प्रजापतिले आयोजना प्रभावित दुई गाविसको विकासका लागि वार्षिक ४५ लाख रुपैयाँ एकमुष्ट दिने सहमति भएको जानकारी दिए । '४५ लाखलाई दुई गाविसले आधा–आधा बाँडफाँड गर्छन्,' उनले भने ।

सहमतिअनुसार प्रत्यक्ष प्रभावित तातोपानी र खुल्पिङकट्टी गाविसले वार्षिक साढे २२/साढे २२ लाख रुपैयाँ पाउनेछन् । संघर्ष समितिले वार्षिक ५०/५० लाख रुपैयाँ छुट्याउन माग गर्दै आएको थियो ।

यसैगरी, प्रसारण लाइनले छोएका ७ गाविसलाई आयोजनाले वार्षिक साढे २२ लाख रुपैयाँ एकमुष्ट दिनेछ । ७ गाविसमा मार्मिङ, गाती, मानेश्वारा, राम्चे, धुस्कुन, टेकानपुर र पांग्रेटार छन् ।

संघर्ष समितिले प्रसारण लाइन टावरबाट प्रभावित गाविसलाई प्रतिटावर वार्षिक ३ लाख दिनुपर्ने माग राखेको थियो । सिन्धुपाल्चोकको जुरे पहिरोले प्रसारण लाइनमा क्षति पुर्‍याएपछि गत १७ साउनदेखि आयोजनाको विद्युत् उत्पादन बन्द छ ।

सहमतिले सिन्धुपाल्चोकमा पुँजी, प्रविधि भित्रिने, स्रोत र साधनको उपयुक्त ढंगबाट उपयोग हुने वातावरण बन्ने र प्रभावित क्षेत्रका स्थानीय जनताको सरोकार सम्बोधन हुने नयाँ परिस्थित सिर्जना हुने दलहरूले बताएका छन् । भोटेकोसीको सेयर माग गर्दै स्थानीयले क्षतिग्रस्त प्रसारण लाइन निर्माण गर्न नदिने घोषणा गरेका थिए । स्थानीयको आन्दोलनले प्रसारण लाइनको क्षतिग्रस्त ७ टावर निर्माण अवरुद्ध भएको थियो ।

'स्थानीयसँग सहमति जुटेपछि प्रसारण लाइन निर्माण बिहीबारदेखि सुरु गरेका छौँ,' सिइओ प्रजापतिले भने । स्थानीयले आयोजनाको टावर पुनर्निर्माणमा सहयोग गर्ने सहमति भएको छ । यसैगरी, भोटेकोसी पावरले निर्माण गर्ने अन्य आयोजनामा समेत सहकार्य गर्ने सहमति भएको छ ।

विद्युत् प्राधिकरणसँग २५ वर्षको विद्युत् खरिद सम्झौता (पिपिए) भएको छ । २५ वर्षपछि १ रुपैयाँमा आयोजनाको आधा स्वामित्व प्राधिकरणमा आउनेछ ।

प्राधिकरणले भोटेकोसीबाट अमेरिकी डलरमा विद्युत् किन्दै आएको छ । डलर सटही जोखिम पनि प्राधिकरणले व्यहोर्दै आएको छ ।

भोटेकोसीमा सुरुमा अमेरिकी कम्पनी पान्डा इनर्जीको लगानी रहेकोमा अहिले ९५ प्रतिशत स्वामित्व नेपालीकोमा आइसकेको छ । पान्डा इनर्जीको स्वामित्व हिमाल इन्टरनेसनल इनर्जीले खरिद गरेको थियो । भोटेकोसीको स्वामित्व र व्यवस्थापन ०६२ चैतदेखि तारा म्यानेजमेन्ट प्रालिले गर्दै आएको छ ।

Annapurna Post

## भोटेकोसीमा सहमति: एक अर्ब आठ करोडको सेयर सित्तैमा

तीन महिनादेखि लगातार अवरोधपछि अन्ततः सिन्धुपाल्चोकका पाँच प्रमुख दल भोटेकोसी पावर कम्पनीबाट एक अर्ब आठ करोड रुपैयाँ बराबरको सेयर सित्तैमा लिन सफल भएका छन्।

भोटेकोसी ६ प्रतिशत साधारण सेयर (प्रतिसेयर एक सय रुपैयाँका दरमा) प्रत्यक्ष प्रभावित र स्थानीय जनतालाई समेटी खडा हुने कम्पनीलाई दिन सहमत भएको छ। प्रतिसेयर सय रुपैयाँका दरले १२ लाख कित्ता सेयरको मूल्य १२ करोड रुपैयाँ पर्छ।

कम्पनीको आन्तरिक प्रतिफल र नगद प्रवाहका हिसाबले प्रतिसेयर आठ सयदेखि १२ सय रुपैयाँसम्म पर्ने भोटेकोसीका अध्यक्ष सिद्धार्थशमशेर जबराले बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए।

६ प्रतिशत सेयरलाई प्रचलित बजारमूल्य एक हजार रुपैयाँ मान्दा पनि एक अर्ब २० करोड रुपैयाँ बराबर हुन्छ। यसअनुसार स्थानीय बासिन्दाले १२ करोड रुपैयाँ तिरेर एक अर्ब २० करोड रुपैयाँ बराबरको सेयर सित्तैमा पाउने भएका हुन्।

**क्षति भएको टावर पुनर्निर्माण गरी सुचारु गर्न सबै राजनीतिक दल र स्थानीय सरोकारवालाले सहयोग गरी आयोजनालाई सौहार्दपूर्ण रूपमा सञ्चालन गर्न दिने सहमति भएको छ।**

कम्पनी, भोटेकोसी जलविद्युत् सरोकार संघर्ष समिति, भोटेकोसी सरोकार समिति र स्थानीय राजनीतिक दलबीच सहमति भएपछि जारी संयुक्त विज्ञप्तिअनुसार भोटेकोसीको जडित क्षमता ४५ मेगावाटको हिसाबबाट प्रतिमेगावाट एक लाख रुपैयाँका दरले प्रत्यक्ष प्रभावित दुई गाविस (तातोपानी र फुल्पिङकट्टी) लाई प्रतिगाविस २२ लाख ५० हजार रुपैयाँ र अन्य प्रभावित सात गाविसलाई २२ लाख ५० हजार रुपैयाँ वार्षिक रूपमा आयोजनाले सहयोग गर्नेछ। अन्य प्रभावित गाविसमा मार्मिङ, गाती, मानेश्वारा, राम्चे, धुस्कुन, टेकानपुर र पांग्रेटार छन्।

हालको क्षति भएको टावर पुननिर्माण गरी सुचारु गर्न सबै राजनीतिक दल र स्थानीय सरोकारवालाले सहयोग गरी आयोजनालाई सौहार्दपूर्ण रूपमा सञ्चालन गर्न दिने सहमति भएको छ।

सहमतिपश्चात् भोटेकोसीबाट सञ्चालित माथिल्लो भोटेकोसी जलविद्युत्को प्रसारण लाइनका टावर पुनर्निर्माण कार्य सुचारु भइसकेको कम्पनीले जनाएको छ। कम्पनीका प्रमुख कार्यकारी अधिकृत नरेन्द्र प्रजापतिका अनुसार अबको तीन सातासम्ममा सबै टावर पुनर्निर्माण भई बिजुली उत्पादन भइसक्नेछ।

भोटेकोसीले उत्पादन गर्ने २४ मेगावाट बिजुलीबाट देशको लोडसेडिङ एक घन्टाका दरले कम हुनेछ। हाल दैनिक १२ घन्टा लोडसेडिङ हुँदै आएको छ।

स्थानीयको अवरोधका कारण भोटेकोसीले दैनिक ८२ लाख रुपैयाँका दरले नोक्सानी बेहोर्दै आएको थियो। तीन महिनाको अवधिमा एक अर्ब १० करोड रुपैयाँभन्दा बढी नोक्सान बेहोरिसकेको भोटेकोसी बाध्य भएर उक्त सेयर दिन सहमत भएको हो।

पत्रकार सम्मेलनमा आन्दोलनरत सिन्धुपाल्चोकका नेपाली काँग्रेस, एमाले, एमाओवादी, राप्रपा र माओवादीले संयुक्त विज्ञप्ति जारी गरी सहमतिको परिणामस्वरूप समस्या सकारात्मक रूपमा समाधान भएको जनाएका छन्।

'स्थानीय स्रोतसाधनको उपयोग हुँदा जनताका हकअधिकार सुरक्षित हुनुपर्छ भन्ने मान्यताका आधारमा स्थानीय जनताले उठाएका प्राय: सबै माग पूरा हुनु अत्यन्तै सकारात्मक विषय हो', विज्ञप्तिमा छ, 'सहमतिले जिल्लामा पुँजी र प्रविधि भित्रिने, यहाँका स्रोत र सम्पदाको उपयुक्त ढंगबाट उपयोग हुने वातावरण बन्ने र यसो गर्दा स्थानीय प्रभावित क्षेत्रका जनताको सरोकार सम्बोधन हुने नयाँ परिस्थिति सिर्जना हुनेछ।'

पत्रकार सम्मेलनमा एमाले स्थायी समिति सदस्यसमेत रहेका अमृत बोहोराले सहमतिले स्थानीय जनताको सम्मान भएको प्रतिक्रिया व्यक्त गरे।

**आयोजनामा हाम्रो जित भएको छ: दलहरु**

**युवराज पुरी**

सिन्धुपाल्चोक : सेयर दिने निर्णयसँगै टावर निर्माणले पनि गति लिएको छ। २० दिनमा सम्पन्न गर्ने लक्ष्यका साथ आयोजना बिहीबारबाटै टावर निर्माणमा जुटेको छ।

आयोजना सेयर दिन सहमत भएपछि जिल्लाका राजनीतिक नेतृत्वले आफ्नो जित मानेका छन्। निजी लगानीको आयोजनामा पनि सर्वसाधारणलाई सेयर दिने नजिरको सुरुआत भएको दलका नेताको तर्क छ।

जोखिम नभएको र १५ वर्षअघि निर्माण भएको आयोजनाको सेयर पाउनु जिल्लावासीका लागि सुखद विषय भएको नेपाली काँग्रेसका सभापति एवं सभासद् मोहनबहादुर बस्नेतले बताए। उनले यो सफलताले स्थानीय स्रोतसाधनमा स्थानीयको अधिकार सुनिश्चित गराएको दाबी गरे।

'अन्य निर्माणाधीन आयोजनामा पनि स्थानीयको लगानी सुनिश्चित गराउन अभियान अघि बढाउँछु', बस्नेतले अन्नपूर्णसँग भने, 'स्थानीयको अधिकारका रूपमा सेयर वितरण गरियो भने लगानीकर्ताले पनि उत्साही भएर काम गर्ने वातावरण बन्छ र स्थानीयले पनि अवरोध सिर्जना गर्दैनन्।'

प्राइभेट कम्पनीले सञ्चालन गरी नाफामा चलिरहेको आयोजनाले स्थानीयलाई मुलुकमै पहिलो पटक सेयर दिन लागेकाले यसलाई उपलब्धिका रूपमा लिनुपर्ने वार्तामा सहभागी एमाले नेता सुभाष कर्माचार्यले बताए।

एमालेका अर्का नेता सुरेश नेपालले हुँदै नभएको अवस्थालाई हेर्दा सराहनीय भए पनि आमप्रचलनका आधारमा सेयर कम भएको टिप्पणी गरे। 'प्रभावित गाविसलाई मात्र भए त ठीकै हो, पूरै जिल्लालाई नै हो भने कम भयो', उनले भने।

एनेकपा माओवादी अध्यक्ष माधव सापकोटाले सैद्धान्तिक आधारमा जिल्लावासीको जित भएको तर्क गरे। पब्लिक कम्पनी बनाउने प्रयासमा ३५ प्रतिशत सेयर माग गरिए पनि प्राइभेट कम्पनी नै रहने गरी ६ प्रतिशतमा सम्झौता गरेको उनले बताए।

'यो सहमतिले धेरै उत्साही हुनुपर्ने पनि छैन र धेरै निराश हुनुपर्ने अवस्था पनि छैन', सापकोटा भन्छन्, 'कम्तीमा पनि एउटा नजिर बनेको छ, यसले अरू आयोजनामा पनि स्थानीयले लगानी गर्ने अवसर पाउनेछन्।'

सेयर कसरी वितरण गर्ने भन्ने मोडालिटी तयार नहुँदै सर्वसाधारण भने सेयर पाउने आशा गर्न थालिसकेका छन्। कहिलेदेखि वितरण गर्ने र कसरी वितरण गर्ने भन्ने सर्वसाधारणमा उत्सुकता पैदा भएको छ।

Abhiyan

# माथिल्लो भोटेकोशी विवाद समाधान : स्थानीयलाई साढे ६७ लाख र ६% शेयर

पुष्पराज कोइराला

**राजनीतिक संरक्षणमा गलत परम्पराको शुरुआत : इप्पान**
**- खिम्ती प्रभावित पनि शेयर माग्दै**

पुस १०, काठमाडौं । माथिल्लो भोटेकोशी जलविद्युत् आयोजनाका प्रभावित सिन्धुपाल्चोकका स्थानीय बासिन्दाले ६ प्रतिशत शेयर पाउने भएका छन् । स्थानीय बासिन्दाका प्रतिनिधि र भोटेकोशी पावर कम्पनी प्रालिबीच यस्तो सम्झौता भएको हो । प्रतिकित्ता रू. १ सय अङ्कित मूल्यका कुल १२ लाख कित्ता शेयर स्थानीयले पाउने कम्पनीका प्रमुख कार्यकारी अधिकृत नरेन्द्र प्रजापतिले बताए ।

पुराना कम्पनीले स्थानीयलाई शेयर जारी गर्नुपर्ने कानूनी व्यवस्था नभएकाले स्थानीयको सहभागितामा स्थापना हुने कम्पनीको नाममा भोटेकोशीले त्यस्तो शेयर जारी गर्ने बताएको छ । उक्त आयोजनाले सन् २००० बाट उत्पादन शुरू गरेको थियो । त्यतिबेला जलविद्युत् आयोजनाले स्थानीयलाई शेयर दिने नीति थिएन । र, हाल बनेको नीति पनि भूतप्रभावी छैन । त्यसो हुँदा आयोजनाको शेयर नदिने अड्डी लिएको कम्पनीले कानूनको सीमाभित्रै रहेर छुट्टै कम्पनीमार्पmत स्थानीयलाई शेयर दिने व्यवस्था अवलम्बन गर्न आँटेको हो ।

तर, सबै जोखीम बेहोरेर राम्रो मुनाफामा पुगेको र १५ वर्षसम्म सञ्चालन भइसकेको कम्पनीलाई प्राकृतिक विपत् परेको अवस्थामा अवरोध गरेर दबाबपूर्ण तरीकाले ‘फेस भ्यालु’मा शेयर जारी गर्न लगाउने यस्तो कामले जलविद्युत् विकासका लागि हित नगर्ने स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष खड्गबहादुर विष्टले बताए ।  ‘राजनीतिक संरक्षणमा यसरी कम्पनीलाई शेयर दिन बाध्य पारिनु ठगी नै हो,’ उनले भने, ‘यस्तो दबाबपूर्ण सम्झौताले सञ्चालनमा रहेका अन्य कम्पनीलाई पनि समस्यामा पार्ने छ ।’

सम्झौताअनुसार आयोजनाको मुख्य प्रभावित फुल्पिङकट्टी र तातोपानी गाविसले शेयरसहित प्रतिमेगावाट वार्षिक रू. १ लाखका दरले वार्षिक रू. ४५ लाख नगदसमेत पाउने भएका छन् । यसबाट एउटा गाविसको भागमा वार्षिक साढे २२ लाख रुपैयाँ पर्ने छ । त्यस्तै, टावर गाडिएका र अन्य ७ गाविस (मार्मिङ, गाति, मानेश्वारा, राम्चे, धुस्कुन, टेकानपुर र पाङ्ग्रेटार)ले शेयरसहित वार्षिक साढे २२ लाख रुपैयाँ संयुक्त रूपमा प्राप्त गर्ने छन् । यसबाट ७ मध्ये प्रत्येक गाविसले वार्षिक करीब रू. ३ लाख २१ हजार प्राप्त गर्ने छन् ।

स्थानीयको आन्दोलन तथा स्थानीय र कम्पनीबीच भएको संवादको ९७ दिनपछि अन्ततः स्थानीय बासिन्दासँग ६ प्रतिशत शेयरसहित वार्षिक नगद रकममा सहमति जुटेको हो ।

कम्पनीले दिने ६ प्रतिशत शेयरबाट कुन गाविसलाई कति दिने भन्ने विषयमा सरकार र स्थानीय राजनीतिक दलले नै निक्र्यार्ेल गर्ने सहमति भएको छ ।

स्थानीय र कम्पनी सञ्चालकबीच बुधवार मध्यरातमा भएको सम्झौताका विषयमा जानकारी दिन बिहीवार कम्पनीले एक पत्रकार सम्मेलनको आयोजना गरेको थियो । सम्मेलनमा नेकपा एमालेका पोलिटब्यूरो सदस्य अमृत बोहोरा,  कम्पनीका अध्यक्ष सिद्धार्थशमशेर राणा, प्रमुख कार्यकारी अधिकृत नरेन्द्र प्रजापति, स्थानीय सङ्घर्ष समितिका अध्यक्ष विपेन्द्र श्रेष्ठ, एमालेका अरुण नेपाल, नेपाली काङ्ग्रेसका सभासद् मोहनबहादुर बस्नेत, एमाओवादीका जिल्ला अध्यक्ष माधव सापकोटा, राप्रपाका सभासद् रमेशकुमार लामा र नेकपा–माओवादीका तर्फबाट पूर्वसभासद् दावा लामाको उपस्थिति थियो । उनीहरूले यस सम्झौताबाट नेपालमा स्थानीय स्रोतसाधनको उपयोग लाभको हकदार स्थानीयलाई पनि बनाउनुपर्ने सन्देश दिएको बताए ।

साउन १७ गते सिन्धुपाल्चोकको सुनकोशी नदीमा गएको पहिरोले आयोजना अवरुद्ध गरेको थियो । पहिरोले आयोजना प्रसारण लाइनका ४ ओटा टावर ध्वस्त पारेको थियो । नयाँ ठाउँबाट टावर ठड्याउनुपर्दा ७ ओटा टावर बनाउनुपर्ने भएको थियो । त्यसका लागि स्थानीयबाट जग्गा प्राप्त गर्नुपर्ने स्थिति सृजना भएपछि स्थानीयले शेयर नदिई टावर निर्माण गर्न र आयोजना सञ्चालन गर्नै नदिने भन्दै अवरोध गरेका थिए । स्थानीयको अवरोधमा पाँच राजनीतिक दलले साथ दिँदा स्थानीयको शेयर माग १० प्रतिशतबाट बढेर ३५ प्रतिशत पुगेको थियो । आयोजना बन्द हुँदा कम्पनीलाई दैनिक करीब ८६ लाख रुपैयाँ घाटा भएको कम्पनीका सीईओ प्रजापतिले बताए । आयोजनाको टावरलगायत संरचना पुनर्निर्माणका लागि करीब २५ दिन लाग्ने र १ महीनाभित्र सञ्चालनमा आउने स्थानीय–कम्पनी वार्ताका मध्यस्थकर्ता सिप्रदी टे«डिङ लिमिटेडका सिईओ शम्भु दाहालले बताए । ४५ मेगावाट क्षमताको उक्त आयोजना सञ्चालनमा आएपछि हालको लोडशेडिङको समयावधिलाई डेढ घण्टा कम गर्ने उनले जानकारी दिए ।

**खिम्ती प्रभावित पनि शेयर माग्दै**

रामेछाप र दोलखा जिल्लाको सीमामा पर्ने ६० मेगावाटको खिम्ती जलविद्युत् आयोजनाका प्रभावित स्थानीयवासीले पनि शेयर माग्दै प्रवद्र्धक कम्पनी हिमाल पावर लिमिटेडमा पत्राचार गरेको स्रोतले बताएको छ । तर, हालसम्म कम्पनीले कुनै प्रतिउत्तर नदिएको उक्त स्रोत बताउँछ । खिम्तीसँग पनि भोटेकोशीका स्थानीयले झैं शेयर लिएरै छोड्न रामेछाप र दोलखाका प्रभावितहरूले सङ्घर्ष समिति गठन

गरी आन्दोलन शुरू गर्ने तयार गरिएको स्रोतको दाबी छ । उक्त आयोजना पनि १५ वर्षअघि ११ जुलाई सन् २००० बाट सञ्चालनमा आएको हो । त्यतिबेला स्थानीयलाई शेयर दिने कानूनी प्रावधान थिएन ।

Samacharpatra

## भोटेकोसी विवाद सल्टियो

शिव दुवाडी
काठमाडौं

भोटेकोसी जलविद्युत् परियोजनामा उत्पन्न विवाद सल्टिएको छ। भोटेकोसी पावर कम्पनीको माथिल्लो भोटेकोसी जलविद्युत् परियोजनामा भोटेकोसी जलविद्युत् सरोकार संघर्ष समिति र भोटेकोसी सरोकार समितिले राखेका मागमा व्यवस्थापन पक्ष लचिलो भएपछि विवाद सल्टिएको हो।

विवाद सल्टिएसँगै ४५ मेगावाट क्षमताको उक्त परियोजनाको क्षतिग्रस्त टावर निर्माण कार्य शुरू भएको छ। उक्त कार्य करिब दुई हप्तामा सकिने र त्यसपश्चात नियमित रूपमा विद्युत् उत्पादन कार्य शुरू हुने प्रवद्र्धकहरूले बताएका छन्।

भोटेकोसी प्रवद्र्धक र दुवै समितिबीच एवम् भोटेकोसी र स्थानीय राजनीतिक दलहरूका प्रतिनिधिबीच विभिन्न चरणमा भएको वार्तापश्चात सौहाद्रपूर्ण रूपमा सहमति कायम भएको हो। सहमति बमोजिम भोटेकोसीले ६ प्रतिशत साधारण शेयर प्रतिशेयर सयको दरमा स्थानीय पाँच राजनीतिक दलको सहमतिमा प्रचलित नेपाल कानुन बमोजिम प्रत्यक्ष प्रभावित र स्थानीय जनतालाई समेटी खडा भएको कम्पनीलाई दिनेछ।

त्यस्तै परियोजनाको जडित क्षमता ४५ मेगावाटको हिसाबबाट प्रतिमेगावाट १ लाखको दरले प्रत्यक्ष प्रभावित २ वटा गाविस तातोपानी र फुल्पिङकट्टीलाई प्रति गाविस २२ लाख ५० हजार र अन्य प्रभावित ७ वटा गाविसहरू (मार्मिङ, गाति, मानेश्वारा, राम्चे, धुस्कुन, टेकानपुर र पांग्रेटार) लाई एकमुष्ठ २२ लाख ५० हजार वार्षिक रूपमा भाटेकोसीले सहयोग गर्ने सहमति समेत सम्पन्न भएको छ।

सहमति बमोजिम भोटेकोसीको हालको क्षति भएको टावरको पुनर्निमाण कम्पनीले सुचारु गर्न सबै राजनैतिक दल र स्थानीय सरोकारवालाहरूले सहयोग गर्ने तथा कम्पनीको परियोजनालाई सौहाद्रपूर्ण रूपमा सञ्चालन गर्ने सहमति समेत सम्पन्न भएको छ।

सहमतिपश्चात भोटेकोसीबाट सञ्चालित माथिल्लो भोटेकोशी जलविद्युत् परियोजनाको प्रसारणलाइनका टावरहरूको पुनर्निमाणको कार्य सुचारु भइसकेको छ। टावर पुनर्निमाणको कार्य समाप्तिसँगै परियोजनाबाट विद्युत् उत्पादन शुरू भएपश्चात यसले देशमा विद्यमान विद्युत् कटौती समस्यामा केही हदसम्म भए पनि कमी गर्ने प्रवद्र्धकमध्येका एक शम्भुप्रसाद दाहालले बताउनुभयो।

यो सहमतिबाट परियोजनामा स्थानीय बासिन्दाहरूको पनि सहभागिता कायम भई समावेशीताको सकारात्मक सन्देश जाने विश्वास कम्पनीले लिएको छ। साथै यो सहमति देशमा लगानीमैत्री वातावरणको सिर्जना गर्न उपलब्धिमुलक हुने समेत आशा लिएको उल्लेख गरिएको छ।

गत साउन १७ गते गएको पहिरोबाट सिन्धुपाल्चोक जिल्लामा सञ्चालित उपल्लो भोटेकोशी जलविद्युत्

परियोजनाका ४ वटा टावर क्षतिग्रस्त भएपछि हालसम्म पनि पुनःनिर्माण कार्य शुरू हुन नसक्दा मुलुकले करोडौंको आर्थिक घाटा तथा करिब १.५ घण्टा लोडसेडिङको थप मार खेपिरहनु परेको छ।

My Republica

# Locals to get 6 pc share in Bhotekoshi Hydro

In a rarest practice of distributing project shares to local people 13 years after commencement of project operations, Bhotekoshi Power Company (BKPC) Private Limited has decided to provide a six percent share of the Upper Bhotekoshi Hydroelectric Project to the locals. The 45-MW project was developed with a majority foreign investment and started generation in 2001.

BKPC on Wednesday finally agreed to this effect with protesting local political leaders backed by lawmakers, clearing the way for reconnection of the electricity generated by the project located near Tatopani in Sindhupalchowk district. Local leaders of five political parties in September obstructed the laying of pylons for the transmission line which were swept away by the Jure landslide of August 2. They were demanding shares in the project.
Rounds of meetings and discussions were held between the local leaders and BPKC officials. The latter also sought support from Prime Minister Sushil Koirala and even some diplomatic missions time and again for resolving the issue. The company has said that it can reconnect the electricity within a few days.

BKPC will provide the shares free of cost at the rate of Rs 100 per share to a company formed by the local people. However, the details of the share distribution modality are yet to be set out, said CPN-UML leader Amrit Bohara, who is a lawmaker from the district.
The project is said to be one of the largest profit-making entities in the country as it is paid by the Nepal Electricity Authority in US dollars.
BKPC has also agreed to pay Rs 2.25 million each annually to Tatopani and Phulpingkatti VDCs, which are directly affected by the project. Likewise, seven other VDCs -- Marming, Gati, Maneshwara, Ramche, Dhuskun, Tekanpur and Pangretar -- will receive a lump sum of Rs 2.25 million in total every year from the project.

Speaking at a press meet held to make public the agreement on Thursday, Narendra Prajapati, general manager of BPKC, announced the details of the agreement.

At the press meet, Nepali Congress lawmaker Mohan Bahadur Basnet expressed happiness at being successful in providing project shares to local people. “This will help in the development of hydropower through local participation,” added Basnet.

President of Independent Power Producers’ Association Nepal (IPPAN) Khadga Bahadur Bistha said investors have been caught by surprise in being compelled to distribute shares to the locals after protests by them.

Bhotekoshi Power Company Private Limited is a joint venture between US and Nepali investors. It has invested US$ 90 million in the project.
The government had been piling pressure on BKPC to revise the power purchase agreement (PPA) as electricity buyer state-run Nepal Electricity Authority has suffered a huge loss due to devaluation of the Nepali currency vis-à-vis the dollar. NEA had signed the PPA with Upper

Bhotekoshi Hydropower Project at 6 cents per unit in 1997.

Separately, a study on PPAs in foreign currency, including the Upper Bhotekoshi Hydropower Project, is under way at the Public Accounts Committee of parliament.

The Upper Bhotekoshi PPA is valid for 25 years from the commercial operation date of January 24, 2001. As per the agreement, 50 percent of the project assets will be transferred to NEA after 25 years of operation and the Government of Nepal will own the whole project after 40 years.

The US$ 90 million project was developed by a joint venture company of Nepali and American companies. Shareholders of BKPC include Himal International Energy Private Limited, Himal International Power Corp Private Limited, Tara Fund Pvt Limited and RDC of Nepal.

Samacharpatra

## लमजुङका दर्जनौं विद्युत् आयोजना अप्ठेरोमा

लमजुङमा नयाँ विद्युत् ट्रान्समिसन लाइन थप हुन नसक्दा दर्जनौं विद्युत् आयोजना अप्ठेरोमा परेका छन्। जसका कारण ती आयोजनाको निर्माण कार्यमा ढिलाइ आउने देखिएको छ।
लमजुङका विभिन्न नदी तथा खोलामा निर्माणको तयारीमा बसेका जलविद्युत् आयोजनाहरू उत्पादित विद्युत् वितरण गर्नका लागि ट्रान्समिसन लाइन नहुँदा समस्यामा परेका हुन्। ट्रान्समिसन लाइन नहुँदा कतिपय आयोजनाले प्राधिकारणसँग विद्युत् खरिद सम्झौता (पीपीए) गर्नमा ढिलाइ गरेका छन् भने कतिपयले पीपीए भएर पनि निर्माण अगाडि बढाउन सकेका छैनन्।
लमजुङमा झन्डै तीन हजार मेघावाट विद्युत् उत्पादन गर्न सकिने बताइए पनि यहाँबाट उत्पादन भएको विद्युत् बाहिर पठाउने बाटो नहुँदा समस्या आएको हो। हाल लमजुङमा मध्यमस्र्याङ्दी जलविद्युत्बाट ७० मेघावाट, खुदीबाट ४.५ मेघावाट, सिउरीबाट ५ मेघावाट विद्युत् उत्पादन हुने गरेको छ। यी सबै उत्पादित विद्युत् उदीपुर सबस्टेसनबाट पठाउने गरिए पनि बर्खाको समयमा पूरै विद्युत् जान सकेको छैन्। राजधानी काठमाडौंलगायतका स्थानमा लोडसेडिङ खेप्नुपर्ने तर ग्रिडको अभावमा उत्पादित विद्युत् खरिद हुन नसक्ने अवस्था रहेको जलविद्युत् प्रवद्र्धकहरूले बताएका छन्।
विभिन्न आयोजनाका प्रवद्र्धकहरूले लमजुङमा तत्काल तीन स्थानमा विद्युत् ट्रान्समिसन लाइन बनाउनुपर्ने आवश्यकता औंलाएका छन्। विद्युत् प्राधिकारणले बनाउन लागेको उत्तरी क्षेत्रको खुदी टारीकुना–उदीपुर, पूर्वी क्षेत्रको कीर्तिपुर–उदीपुर र पश्चिम क्षेत्रको भोर्लेटार–दमौली ट्रान्समिसन छिटो सक्नुपर्ने विभिन्न आयोजनाको माग रहेको छ।
सुपरदोर्दी आयोजनाका प्रवद्र्धक केशवबहादुर रायमाझीले जिल्लामा २ सय मेघावाट भन्दा बढीको कनेक्सन सम्झौता भइसकेको भए पनि ट्रान्समिसन लाइनको अभावमा अड्किएर बस्नुपर्ने अवस्था रहेको बताए।
यस्तै पूर्वी लमजुङमा निर्माण हुन लागेको सुपरदोर्दी ‘ए’ आयोजना पनि ट्रान्समिसन लाइनको अभावमा अड्किएको छ। त्यस आयोजनाका प्रवद्र्धक शेरबहादुर बुढाले ट्रान्समिसन लाइन बन्न नसक्दा बैंकहरूले समेत पत्याउन छोडेको बताए।